जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ३०१ २०८२ साल असार २५ गते बुधबार (9 July 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : कांग्रेसले संविधान संशोधनका... ३ पृष्ठमा : पाहुना बोलाउन लाज ... ३ पृष्ठमा :अमेरिकाद्वारा ३५% कर ...

# पानी नपर्दा चिन्तामा सप्तरीका किसान

## सप्तरीमा मात्र दश प्रतिशत धान रोपाईं



**दैनिक समाचारदाता**
**राजविराज, २४ असार ।**

एक महिना देखि पानी नपर्दा सप्तरीका किसान चिन्तित भएका छन् । पानी नपरेको कारण खेतमा धान रोपाईं हुन सकेको छैन् भने बेर्ना पनि सुक्ने अवस्थामा पुगिसकेको छ । आफ्नो स्तरबाट बोर्डिङ्ग मोटरको प्रयोग गरी सिंचाई गरेर रोपिएको धानबाली पनि सुक्ने अवस्थामा पुगिसकेको किसानको चिन्ता बढाएको हो ।

असार महिनाको तेश्रो हप्ता वित्न लाग्दा पनि वर्षा नहुँदा जिल्लाका आधा भन्दा बढी किसानको खेतमा रोपाई हुन सकेको छैन । धान रोपिएको खेत पनी पानी अभावले धाँजा फाट्न थालेको राजविराज १६ का किसान इनर देव यादवले बताए ।

वर्षा नहुँदा लगाएको विउ पनी खेतमै सुक्न थालेको सोही वडाका अर्का किसान बजरंग मण्डलले दुखेसो पोखे । "नजिकै रहेको नहरमा पनी पानीको लेभल घटेको छ, गाउँघरका ट्युबेलमा पनि पानीको लेयर कमहुँदा बोर्डिङ्ग-मोटरबाट पनि सिंचाई गर्न समस्या भएको छ" मंडलले भने ।

पर्याप्त वर्षा न हुँदा जेनतेन रोपाई गरिएको खेतमा रोपिएको विउ सुक्न थालेको किसानहरुको गुनासो आउन थालेको कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख किसुनदेव राउतले बताए । उनले सिंचाईका लागी आफुहरुसंग रहेको श्रोत साधनको उच्चतम परिचालन गरी किसानलाई हरसम्भव सहयोग गरी रहेको उनको भनाई छ ।

सप्तरीमा कुल ८१ हजार ६ सय ६८ हेक्टर खेतीयोग्य जग्गा छ । जसमध्ये ६८ हजार हेक्टर जगमा धान खेती हुँदै आएको तर वर्षा नहुदा अहिले सम्म १० प्रतिशत मात्र धान रोपाईं भएको प्रमुख राउतले जानकारी दिए । किसानलाई बैकल्पिक सिंचाईको समुचित व्यवस्था नभए सम्म आकाशे भरमा खेती गर्न र कृषि उत्पादन बृद्धिमा समस्या देखिएको किसानहरुको भनाई छ ।

# किसानलाई सीप सहित निःशुल्क कृषियन्त्र वितरण



**दैनिक समाचारदाता**
**राजविराज, २४ असार ।**

राजविराज नगरपालिकाले कृषकलाई सीप सहित निशुल्क कृषियन्त्र र विउविजन वितरण गरेको छ । नगरपालिकाले किसानलाई प्रोत्साहन गरी आत्मनिर्भर बनाउन सीप संगै कृषियन्त्र, उपकरण तथा विउ विजन वितरण गरेको हो ।

राजविराज नगरपालिका कार्यालय परिसरमा मंगलबार कार्यक्रमको आयोजना गरी कृषिकर्ममा प्रयोग हुने औषधी छर्किने स्प्रेपम्प, पानी तान्ने मोटर तथा विउविजन लगायतका कृषी सामग्री निःशुल्क वितरण गरेको कार्यवाहक नगरप्रमुख इसरत परवीनले जानकारी दिए ।

वैकल्पिक सिंचाईको व्यवस्था, श्रमिक समस्या समाधान,लागत घटाई उत्पादन बृद्धि र किसानहरुलाई प्रविधी मैत्री बनाउने उदेश्यले यस्तो कार्यक्रम संचालनमा ल्याइएको उनले बताए ।

चालु आर्थिक बर्षको स्वीकृत कार्यक्रम अन्तर्गत राजविराज नगरपालिकाको वडा नं १० र १६ बाट २४/२४ जना किसान छनौट गरी उनीहरुलाई तालिमसँगै कृषि उपकरण तथा विउ विजन वितरण गरिएको उनको भनाई छ ।

उनले यो कार्यक्रम नगरको १६ वटै वडामा क्रमिकरुपमा लागु गरिने बताईन् । कृषिमै निर्भर रहेर जिवनयापन गर्ने किसानलाई सीप र बजारीकरणमा सहयोग गर्दै व्यवसायिक बनाउन प्रोत्साहनका लागी नगरपालिकाद्वारा किसानहरुलाई

*बाँकी तीन पृष्ठमा*

# प्रहरीमा सेवा लिन आउने सँग समान व्यवहार गरिने : प्रहरी उपरीक्षक केसी

**दैनिक समाचारदाता**
**राजविराज, २४ असार ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक गौतम कुमार केसीले मंगलबार पत्रकारहरु संग परिचयात्मक कार्यक्रम गरेका छन् ।




नयाँ प्रहरी प्रमुखको रुपमा केहीदिन अघि मात्र सप्तरी आएका उनले पत्रकार संगको परिचयात्मक कार्यक्रममा जिल्लाको शान्ति सुरक्षा र अपराध नियन्त्रणमा तदारुकताका साथ काम गर्ने प्रतिवद्धता जनाएका हुन् ।

प्रहरी कार्यालयमा शक्ति र पहुँचको आधारमा मुद्दा दर्ता हुने गरेको पत्रकारहरुले राखेको जिज्ञासामा प्रहरी उपरीक्षक

*बाँकी तीन पृष्ठमा*

IMPACT Nepal

## आवश्यकता

बिगत ३० बर्ष देखि अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था इम्प्याक्ट नेपालले राजविराज स्थित आफ्नै नयाँ भवनवाट सेवा सुचारु गर्न गइरहेको हुँदा तपसिल बमोजिमका पदहरु करार सेवामा पूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति २०८२ असार ३० गते सम्ममा आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

| पद | संख्या | न्यूनतम योग्यता |
|---|---|---|
| असिस्टेन्ट फार्मसिस्ट | १ | फार्मेसी बिषय लिई डिप्लोमा |
| कान उपचार कार्यकर्ता | १ | हेल्थ असिस्टेन्ट |

**द्रष्टव्य:**

१. दरखास्त बुझाउनु पर्ने स्थान : इम्प्याक्ट नेपाल कान उपचार केन्द्र मलेठ राजविराज (०३१- ५९०००५) वा इम्प्याक्ट नेपालकको केन्द्रीय कार्यालय माइतीघर काठमाडौं, पोस्ट बक्स न. १०९०६ तथा इमेल : vacancy.impactnepal@gmail.com मार्फत पनि पठाउनु सकिनेछ |
२. दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।
३. अनुभवी र स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।
४. रितपूर्वक आवेदन दिएका उमेदवारहरुलाई अन्तरवार्ता र प्रयोगात्मक परीक्षाको जानकारी दिइनेछ।
५. तलब भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।



# वीरगञ्जमा खानेपानीको हाहाकार

वीरगञ्ज (पर्सा), २४ असार (रासस) ।

वीरगञ्जमा खानेपानीको हाहाकार भएको छ । घरघरमा जडान गरिएका चापाकल सुकेसँगै वीरगञ्ज महानगरवासी पानीको समस्यामा परेका हुन् । चापाकल सुकेपछि नेपाल खानेपानी संस्थान शाखा कार्यालयमा नयाँ धारा जडान गर्न अनुरोध गर्न आउनेको सङ्ख्या वृद्धि भएको छ । वडा कार्यालय र महानगरमा समेत खानेपानीको समस्या लिएर पुग्ने सर्वसाधारणको सङ्ख्या दैनिक एक सय भन्दा बढी छन् ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालयका प्रमुख प्रवीणकुमार साहले जिल्लाभरिनै खानेपानीको अभाव देखिएको जानकारी दिनुभयो । “यहाँका सर्वसाधारण चापाकल सुकेसँगै खानेपानीको लाइन जडान गर्न आउनेको सङ्ख्या बढेको छ,” उहाँले भन्नुभयो ।

वीरगञ्ज महानगर-१३ श्रीपुरका अब्दुल अहमदले खानेपानी अभावका कारण दैनिकी अस्तव्यस्त भएको गुनासो गर्नुभयो । “महानगर क्षेत्रमा खानेपानीको चर्को अभाव झेल्दै आइरहेका छौँ,” उहाँले भन्नुभयो, “विगत तीन वर्षदेखि यहाँ खानेपानीको हाहाकार भइरहेको छ ।”

उहाँले खानेपानीमन्त्री यही जिल्लाबाट प्रतिनिधित्व गर्ने भए पनि समस्या समाधान गर्न नसकेको दुखेसो पोख्नुभयो । वीरगञ्ज महानगर-२६ का वडाध्यक्ष शम्भु मिश्र पनि वडामा रहेका ९० प्रतिशत बढी चापाकल सुकेको बताउनुहुन्छ । “पानीको अभाव भन्दै सर्वसाधारणले गुनासो धेरै आइसक्यो,” उहाँले भन्नुभयो, “वडा कार्यालयकै पहलमा यही वर्ष दुईवटा बोरिङ खनेर पानी वितरण गरेका छौँ । तर, पर्याप्त छैन ।”

वडाध्यक्ष मिश्रले वडासँग सीमित स्रोतसाधन भएकाले जनताको आवश्यकताअनुसार ‘बोरिङ’ खन्न नसकिरहेको गुनासो गर्नुभयो । वीरगञ्ज महानगरका वन, वातावरण विपद् व्यवस्थापन शाखाका प्रमुख इन्जिनियर राकेश साहले जमिनमुनिको भूमिगत पानीको सतह घटेसँगै अधिकांश चापाकाल सुक्खायाममा सुक्ने गरेको बताउनुभयो ।

वीरगञ्ज महानगरका अनुसार अहिले यहाँको वडा नं १, २, ११, १३, १६, २५, २६ लगायतका स्थानमा पानीको अभाव छ । शाखा प्रमुख साहले चालु आर्थिक वर्षमा वीरगञ्ज महानगरले प्रदेश सरकारसँग समन्वय गरेर ७५ स्थानभन्दा धेरै ठाउँमा ‘डिप बोरिङ’ मार्फत पानी उपलब्ध गराउँदै आएको छ । “रु पाँचदेखि छ लाख लागतमा करिब ७५ वटाभन्दा धेरै बोरिङ खनेर सर्वसाधारणलाई पानी वितरण गर्दै आइरहेका छौँ,” उहाँले भन्नुभयो, “वीरगञ्जमा पानीको दीर्घकालीन समाधानका लागि सङ्घीय सरकारले एसियाली विकास बैङ्कसँगको साझेदारीमा खानेपानी आयोजना अघि बढाउने प्रयास गरिरहेको छ ।” खानेपानी संस्थानले दैनिक करिब एक करोड लिटर खानेपानी वितरण गर्ने गरेको जनाएको छ । तर, संस्थानको ४० प्रतिशत पानी चुहावट हुने गरेको बताइन्छ ।

शाखाका कार्यालय प्रमुख साहले पाइपलाइनको संरचनाको कारणले पनि अपेक्षाकृत ढङ्गले खानेपानी विस्तार गर्न नसकेको स्वीकार्नुभयो । चालु आवमा मात्रै यहाँका करिब ६०० सर्वसाधारणले नयाँ धारा जडानको माग गरेका छन् । ३५० भन्दा धेरै खानेपानीको लाइन जडानको पर्खाइमा छन् । खानेपानी संस्थानका महानगरभित्र १२ हजार ग्राहक छन् । वडा कार्यालयको सिफारिसमा संस्थानले रु छ हजार ३७० लिएर नयाँ धारा जडान गर्दै आएको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# कांग्रेसले संविधान संशोधनका लागि कार्यदल गठन गर्ने

**भीष्मराज ओझा**

काठमाडौँ, २४ असार (रासस) ।

नेपाली कांग्रेसले संविधान संशोधनका विषयलाई सार्थक निष्कर्षमा पुऱ्याउन कार्यदल गठन गर्ने भएको छ । उक्त कार्यदलले पार्टीभित्र संविधान संशोधनका विषयमा छलफल गर्नेछ ।

कार्यदलले संविधान निर्माणमा सहकार्य गरेका राजनीतिक दलहरू, संविधान निर्माणमा योगदान गरेका विज्ञ, विशेषज्ञ एवं सरोकार भएका नागरिक समाजसँग संवाद गर्ने कांग्रेसले निर्णय गरेको छ ।

कांग्रेस केन्द्रीय कार्यसमितिको यही असार १६ देखि सुरु भई सोमबार सम्पन्न बैठकले उक्त निर्णय गरेको पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । सोमबारको बैठकमा सभापति शेरबहादुर देउवा, उपसभापतिद्वय पूर्णबहादुर खड्का र धनराज गुरुङ, महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले आ(आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

बैठकले आफ्नै नेतृत्वमा बनेको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको रक्षा एवं कार्यान्वयनको मूल दायित्व र जिम्मेवारी आफ्नै भएको स्पष्ट पार्दै गणतन्त्र रक्षाका लागि पूर्णप्रतिबद्ध रहेको जनाएको छ ।

संविधान कार्यान्वयनको एक दशकमा देखिएका चुनौती र जटिलताको समीक्षा गर्दै यसको गतिशील कार्यान्वयनका लागि समयानुकूल संशोधन गर्नुपर्छ भन्ने निष्कर्षका साथ कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच सातबुँदे सहमति भएको थियो ।

उक्त सहमतिमा ‘संविधान प्रारम्भ भएपश्चात् अभ्यासमा देखापरेका सबल पक्ष र दुर्बल पक्ष तथा जटिलताको समीक्षाका साथै राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकूलको कानुन निर्माण गर्ने विषयलाई प्राथमिकता दिने’ भन्ने विषय उल्लेख गरिएको थियो ।

**सत्ता गठबन्धन निरन्तर, थप जनमुखी काम गर्न आग्रह**

बैठकले वर्तमान सरकार गठन सम्बन्धमा भएको सातबुँदे सहमतिप्रति प्रतिबद्ध रहँदै सरकारको स्थायित्वका लागि जनभावनाअनुसार विकास, सुशासन एवं समुन्नतिका लागि प्रभावकारिताका साथ काम गर्नुपर्ने विषयमा सरकारको ध्यानाकर्षण गराएको छ ।

कृषि उत्पादन वृद्धिगरी मुलुकलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन, अत्यावश्यक पर्ने मलखाद र बीउबिजनको अभाव हुन नदिन, कृषि उत्पादनमा प्रयोग गरिँदै आइएको अधिकतम विषादीका कारण जनस्वास्थ्यमा पर्न गएको नकारात्मक असरलाई न्यूनीकरण गर्न सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको उहाँले जानकारी दिनुभयो ।

मुख्यसचिव पौडेलका अनुसार बैठकले उद्योग, वाणिज्य र आपूर्तिका क्षेत्रमा विद्यमान समस्या समाधान गर्दै लगानीमैत्री वातावरण बनाउन, स्वदेशमै उत्पादन र रोजगारीका अवसर सिर्जना गर्न, सुन बिक्री प्रक्रियामा कायम रहेको कोटा र वितरण प्रणालीको एकाधिकार पनि उचित नभएकाले तत्काल खारेज गर्न सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको छ ।

विपद्का कारण हुने जनधनको क्षति न्यूनीकरण गर्न नागरिकलाई पूर्वसूचना दिनुपर्ने, विपद् उद्धारमा पूर्वतयारी तथा प्रभावकारी प्रतिकार्यका लागि जनशक्तिसहित आवश्य सामग्रीको व्यवस्था मिलाउन कांग्रेसले सरकारको ध्यानाकर्षण गराएको छ । विपद्बाट पीडित नागरिकको जीवन सहज बनाउन तत्कालै उद्धार, राहत र पुनःस्थापनाको व्यवस्थासहित उपयुक्त कदम चाल्न सरकारसँग आग्रह गरिएको मुख्यसचिव पौडेलले बताउनुभयो ।

बैठकले २०८१ सालको एसइई परीक्षामा उतीर्ण सबैको उज्ज्वल भविष्यको कामनासहित शिक्षालाई व्यावहारिक र रोजगारमूलक बनाउन प्रभावकारी नीति लिनुपर्ने ठहर गरेको मुख्यसचिव पौडेलले बताउनुभयो । त्यस्तै, आन्दोलनरत चिकित्सकसँग अविलम्ब वार्ता गरी समस्याको समाधान खोज्न सरकारसँग माग गरिएको छ ।

यसैगरी, बैठकले तराई( मधेसमा सुक्खाका कारण कृषि क्षेत्रमा परेको असरलाई उचित रणनीतिका साथ सम्बोधन गर्न, ऊखु किसानले पाउदै आएको अनुदानलाई निरन्तरता दिन, कतिपय सहकारी सञ्चालकबाट ठगिएका बचतकर्ताको बचत सुरक्षित गर्दै बचतकर्तालाई रु पाँच लाखसम्मको रकम यथाशीघ्र फिर्ता दिलाउन सरकारको ध्यानाकर्षण गराएको छ ।

**संसद्लाई मर्यादित, व्यवस्थित र गरिमामय बनाउन आग्रह**

केन्द्रीय कार्यसमितिको बैठकले संसद्लाई मर्यादित, व्यवस्थित र गरिमामय बनाउन प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिँदै कांग्रेसबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिसभा, राष्ट्रियसभा र प्रदेशसभाका सदस्य एवं संसदीय दललाई निर्देशित गरेको छ । हालसम्म पनि बजेट प्रस्तुत गर्न नसकेका पालिकाले समयमै बजेट, कार्यक्रम तथा योजना प्रस्तुत गरी जनप्रतिनिधि र स्थानीय सरकारप्रति जनताको विश्वास कायम गर्न बैठकले आग्रह गरेको उहाँले बताउनुभयो ।

कांग्रेस र एमालेलगायत दलहरूको समीकरणमा बनेको वर्तमान सरकारले निजी क्षेत्रलाई चलायमान बनाउन संसद्बाट पारित गरेको पाँच ऐनहरू, नागरिकता ऐन, भ्रष्टाचार निवारण ऐनजस्ता महत्त्वपूर्ण ऐन पास गरी सुशासनका क्षेत्रमा केही सुधारका कदम अगाडि बढाएको छ । यसले नागरिकमा प्रत्यक्ष सकारात्मक प्रभाव परेको कांग्रेसको विश्वास छ ।

बैठकले संविधान कार्यान्वयनका सम्बन्धमा बनाउनुपर्ने अन्य आवश्यक कानुन अविलम्ब संसदीय प्रक्रियामा लगी पारित गर्न सरकारको ध्यानाकर्षण गराएको छ । बैठकले निजामती सेवा विधेयकसम्बन्धी समितिको प्रतिवेदनमा देखिएका गडबडी र कमीकमजोरीलाई संसदीय प्रक्रियाबाटै समाधान गरी संसद्को गरिमा र विश्वसनीयतालाई कायम राख्नुपर्ने निष्कर्ष निकालको छ ।

साथै, संसद्को गरिमामा आँच पुग्नेगरी गरिएका यस्ता गल्ती कमजोरीको सत्यतथ्य छानबिन गरी वास्तविकता बाहिर ल्याउन र दोषीलाई कारबाही गर्न बैठक माग गरेको छ ।

कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकले प्रदेश सरकार सञ्चालन सम्बन्धमा भएका गतिविधि र बजेट निर्माणमा देखिएका असमझदारीलगायत सन्दर्भमा सातै प्रदेशमा प्रदेश कार्यसमिति तथा प्रदेश संसदीय दलसँग बैठक बसी पार्टीकोतर्फबाट आवश्यक छलफल, सहजीकरण गर्न केन्द्रीय कार्यसमितिको तर्फबाट प्रतिनिधि खटाइने निर्णय गरेको छ । प्रतिनिधिले एक महिनाभित्रमा केन्द्रीय कार्यसमितिलाई प्रतिवेदन बुझाउनुपर्नेछ ।

यसैगरी बैठकले विद्यालय शिक्षा विधेयकलाई शिक्षक आन्दोलनको भावना र शिक्षक महासङ्घसँगको सम्झौताबमोजिम अविलम्ब टुङ्गोमा पुऱ्याउन सरकार, संसदीय समिति र संसद्को ध्यानाकर्षण गराएको छ । कांग्रेसले हिमाली क्षेत्रको पदयात्रा र हिमाल आरोहणका क्षेत्रमा श्रम गरिरहेका व्यावसायिक आरोहीहरूलाई २० वर्षको अवधि कार्य गरेपश्चात् पेन्सनको प्रबन्ध गर्नका लागि प्रबन्ध गर्न सरकारसँग माग गरेको छ ।

**क्रियाशील सदस्यता विवरण केन्द्रमा पेश गर्ने अवधि असोजसम्म**

बैठकले क्रियाशील सदस्यता नवीकरण गरी केन्द्रीय कार्यालयमा विवरण पेस गर्ने समयावधि आगामी असोज मसान्तसम्मका लागि तोकेको छ । सो अवधिभित्र पेस नभएका नवीकरणसम्बन्धी नामावली १५औँ महाधिवेशनका लागि अद्यावधिक (सूचीकृत) नगरिने बैठकको निर्णय छ ।

त्यस्तै, बैठकले २०८१ मसान्तभित्र महाधिवेशन गर्नैपर्ने र गर्न नसकेमा स्वतःपदावधी समाप्त हुने भनी अन्तिम समय दिइएकामा यस बैठकमा महाधिवेशनको कार्यतालिका प्रस्तुत गरेका भ्रातृ सङ्घको हकमा कार्यतालिकामा तोकिएको मितिसम्म समयावधि थप गर्ने निर्णय गरेको छ ।

सबै तदर्थ समितिले २०८१ चैत मसान्तपछि गरेका सबै निर्णय खारेज गर्ने र कार्यतालिका प्रस्तुत गर्न नसकेको नेपाल दलित सङ्घका सम्बन्धमा केन्द्रीय महाधिवेशन निर्देशन समिति र सङ्घका अध्यक्षबीच छलफल गरी यथाशीघ्र महाधिवेशनको कार्यतालिका प्रस्तुत गर्न कांग्रेस बैठकले निर्देश गरेको छ ।

**जनसम्पर्क समितिलाई ‘स्वर्ण महोत्सव’ मनाउन निर्देशन**

बैठकले पार्टीका नेपाली जनसम्पर्क समितिको सदस्यता वितरण र अधिवेशनका सन्दर्भमा आगामी साउन १ गतेदेखि असोज मसान्तसम्म जनसम्पर्क समिति सदस्यता र क्रियाशील सदस्यता नयाँ वितरण र नवीकरण गरी स्वीकृतिका लागि केन्द्रीय कार्यालयमा पठाउने निर्णय गरेको छ । समयावधि समाप्त भएका जनसम्पर्क समितिहरुको हकमा आगामी पुससमसान्तसम्ममा अधिवेशन सम्पन्न गर्ने समय निर्धारण गरेको छ ।

त्यस्तै, नेपाली जनसम्पर्क समितिको हाल राष्ट्रिय समिति मात्र रहेकामा अब अन्तरराष्ट्रिय र क्षेत्रीय समितिसमेत गठनगरी सङ्गठन विस्तार गरिने छ । बैठकले जननायक बिपी कोइरालाले ५० वर्षअघि सर्वप्रथम भारतमा नेपाली जनसम्पर्क समिति स्थापना गरी प्रारम्भ गर्नुभएको उल्लेख गर्दै हाल विश्वव्यापी रूपमा फैलिएको नेपाली जनसम्पर्क समितिहरूले यसैलाई आधार मानी सम्पूर्ण जनसम्पर्क समितिलाई ‘स्वर्ण महोत्सव’ मनाउन निर्देश गरेको छ ।

# असारे विकासको प्रवृत्ति अन्त्य गर्न सांसदको जोड

काठमाडौँ, २४ असार (रासस) ।

सांसद विष्णुदेवी पुडासैनीले असारे विकासको प्रवृत्ति अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो । मंगलवार राष्ट्रियससभाको बैठकमा उहाँले असारको समयमा पूर्वाधार निर्माण हतार गर्दा गुणस्तर नहुने भएकाले मनसुन लागेपछि गरिने विकास रोक्नुपर्ने बताउनुभयो ।

“वर्षाको समयमा सडक निर्माण गर्दा दुर्घटना बढ्ने र गुणस्तरहीन पूर्वाधार निर्माण हुने भएकाले मनसुन सुरु भएपछि हतार हुने निर्माण कार्य रोकिनुपर्छ,” सांसद पुडासैनीले भन्नुभयो । उहाँले रसुवामा मंगलवार बिहान ३ बजे आएको बाढीबाट घाइतेहरूको तत्काल उद्धार र राहत उपलब्ध गराउन सरकारलाई आग्रह गर्नुभयो ।

मुलुकमा आत्मनिर्भरता बढाउनुपर्ने, रोजगारी सिर्जना गरी युवा पलायन रोक्नुपर्ने उहाँको भनाइ छ ।

सांसद गङ्गाकुमारी बेल्बासेले पनि रसुवामा आएको बाढीले घाइते भएकाको तत्काल उद्धार र राहत व्यवस्थापनका लागि पहल गर्न सरकारलाई आग्रह गर्नुभयो । उहाँले प्रदेश सरकारले आर्थिक रूपमा सबल हुन ठोस कदम चाल्नुपर्नेमा जोड दिनुभयो ।

सांसद तुलसाकुमारी दाहालले संविधानमा उल्लेख गरिएका मौलिक हक कार्यान्वयनका लागि बनेका ऐनहरूको नियमावली नबन्दा कार्यान्वयनमा कठिनाइ आएकाले यस विषयमा तत्काल छलफल आवश्यक रहेको बताउनुभयो । “आवासको हक कार्यान्वयनका लागि विधेयकको

*बाँकी तीन पृष्ठमा*

# पाहुना बोलाउन लाज मान्ने बस्तीमा पक्की सडकले ल्याएको खुसी

सिरहा, २४ असार (रासस)।
सिरहा नगरपालिका–६ स्थित भुस्कुलिया टोलका दशकौँदेखि हिलो र धुलोसँग सङ्घर्ष गर्दै आएका बासिन्दाको दैनिकी अब फेरिएको छ। हालसालै निर्माण गरिएको आरसिसी ढलानको पक्की सडकले कच्ची बस्तीको स्वरुप नै बदलिदिएको छ। बस्तीका अधिकांश घर बाँसको टाटी र माटाले बनेका छन्।

झण्डै डेढ सय घरपरिवार रहेका यो बस्तीमा टाढैबाट चम्किने पक्की सडक बनेको छ, जसले समुदायमा आशा र उल्लासको नयाँ सन्देश दिएको छ। वर्षौंको प्रतीक्षा र सङ्घर्षपछि स्थानीय बासिन्दालाई 'हिलो मुक्त गाउँ' को सपना पूरा भएको अनुभूति भएको छ।

मधेस प्रदेश सरकारअन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालयको रु २५ लाखको बजेटमा करिब पाँच सय मिटर लामो सडक निर्माण भएको हो। वडाध्यक्ष इन्द्रजित यादवले सडक बनाउन समन्वय गर्नुभएको थियो। यो परियोजनाले बस्तीमा नयाँ आशा र खुसी ल्याएको छ।

उहाँ भन्नुहुन्छ, "हामीले चुनावअघि वाचा गरेका थियौँ कि यो बस्तीलाई हिलोमुक्त बनाउनेछौँ। आज त्यो सपना साकार भएको छ। यसमा यस क्षेत्रका प्रदेशसभा सदस्य प्रमोद यादवको पनि उत्तिकै साथ रहेको छ।" उहाँका अनुसार सडक बन्नुअघि सानो पानी पर्यो भने बस्ती हिलोमै डुब्थ्यो, धुलोका कारण बच्चाबच्चीदेखि वृद्धवृद्धासम्मको स्वास्थ्यमा असर पर्थ्यो। अहिले भने टाढैबाट टल्किने पक्की सडकले बस्तीको मुहारै फेरिएको छ।

स्थानीय सोनु यादव भन्नुहुन्छ, "पहिले हाम्रो बस्ती हेर्ने मान्छेहरू नाक खुम्च्याउँथे, ज्यान जोगाउँदै हिँड्थे। हामी आफैँ लाज मान्थ्यौँ पाहुना बोलाउन पनि। अहिले त यसको स्वरुप नै परिवर्तन भएको छ। अब त हाम्रो टोलमा बच्चा पनि खुसी छन्, स्कुल जाँदा लुगा फोहर हुने डर छैन, बुढाबुढी पनि सजिलै हिँडडुल गर्न सक्छन्।"

वडाध्यक्ष यादवका अनुसार भुस्कुलिया टोलमा प्रायः निम्नवर्गीय परिवारको बसोबास छ। झण्डै डेढ सय घरमध्ये पाँच वटा मात्र पक्की छन् भने बाँकी अधिकांश घर कच्ची संरचनामा बनेका छन्। "यो बस्तीमा आर्थिक अवस्था कमजोर भएकाले धेरै वर्षसम्म सडक, नाला, खानेपानीजस्ता आधारभूत सुविधा पर्खिरहनुपर्यो", उहाँले भन्नुभयो, "हामीले बस्तीको अवस्थालाई बुझेर प्राथमिकताअनुसार सडक निर्माण अघि बढाएका हौँ। अहिले सडक बनेपछि यहाँको जीवनशैलीमै सकारात्मक परिवर्तन आएको छ।"

पूर्वाधार विकास कार्यालय सिरहाका प्राविधिक राजु यादवका अनुसार, ग्रामीण क्षेत्रमा निर्माण गरिने शाखा सडकका लागि कालोपत्र सडकको सट्टा आरसिसी ढलान प्रविधि अधिक उपयुक्त हुने देखिएको छ। उहाँले भन्नुभयो, "गाउँघरका शाखा सडकमा आरसिसी ढलान उपयुक्त हुन्छ। यसले सडकको दिगोपना ल्याउँछ र लामो समयसम्म टिकाउ रहन्छ।"

उहाँका अनुसार ग्रामीण क्षेत्रका सडकमा दैनिक सवारीसाधनको चाप कम भएता पनि स्थानीयले गाईवस्तु सडमै बाँध्ने तथा त्यसको दिसापिसाब, पानीको बहाव, हिलो, धुलो र उचित नाली व्यवस्थाको अभावका कारण कालोपत्र सडक चाँडै बिग्रने गरेका छन्। यस्ता सडक हरेक वर्ष मर्मत गर्नुपर्ने अवस्था आउँछ, जसले समय, श्रम र लागत दुवै बढाउँछ। यस्तो संरचना विशेषगरी पानीको सतह नहट्ने, हिलाम्मे वा उबडखाबड भूभागमा बढी प्रभावकारी हुन्छ।

भुस्कुलियाका घर अझै पनि कच्ची छन्, तर सडकले विकासको ढोका खोलेको छ। अब यहाँका बासिन्दाको नयाँ सपना भनेको पक्की सडकसँगै पक्की घर निर्माण गर्नु हो। वडाध्यक्ष यादव भन्नुहुन्छ, "अब हाम्रो ध्यान बस्तीको समग्र विकासमा छ। शिक्षा, स्वास्थ्य र आवास सुधारमा पनि योजना बनाइरहेका छौँ।"

वर्षौँसम्म धुलो र हिलोसँग जुध्दै आएको यो कच्ची बस्तीले बाँसको टाटी, माटो र जस्ताले बनाइएका घरको विकल्प खोजिरहेको छ। वर्षायाममा हुने डुबानले हैरान छन् स्थानीय। बहत्तर वर्षीय वृद्ध लक्ष्मी साह भन्नुहुन्छ, "पानी पर्‍यो भने घरभित्रै बाल्टिन राखेर हिलो बटुल्नुपर्थ्यो। अहिले त कम्तीमा बाहिर हिँड्न सजिलो छ। अबचाहिँ सरकारले केही सहायता गरोस्, हामी पनि घर बलियो बनाउन सकेको प्रयास गर्छौँ।"

आवास कार्यक्रमअन्तर्गत सहयोगको पहल गरिरहेको वडाध्यक्ष यादवको भनाइ छ। उहाँका अनुसार बस्तीमा सामुदायिक भवन, पिउने पानीको पहुँच र साना व्यावसायिक सीप विकासका योजना पनि क्रमशः अगाडि ल्याइँदै छन्। वास्तवमा, भुस्कुलियाको सडक केवल ढलानमात्र होइन, त्यो सपना, सम्भावना र सम्मानको बाटो हो। आज सडक पक्की भएको छ, भोलि घर पक्की हुने विश्वासमा बस्तीका मान्छे जीउन थालेका छन्।

### असारे...

मस्यौदा तयार भएको छ। अब समयमा नै स्वीकृत गरेर कार्यान्वयनमा जानुपर्छ," दाहालले भन्नुभयो, "जनस्वास्थ्यसँग सम्बन्धित ऐनहरूलाई संविधान अनुकूल बनाउने प्रक्रिया अघि बढाउन आवश्यक छ।"

सांसद दाहालले मुलुकमा काठजन्य वस्तुको आयात भइरहेकाले अब काठमा आत्मनिर्भरता हासिल गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले विश्वविद्यालयहरूको सञ्चालनमा एकरूपता ल्याई गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्नेमा सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसदहरूले मनसुनजन्य विपद् व्यवस्थापन, पूर्वाधारको दीर्घकालीन योजना, शिक्षा तथा रोजगारीमा ध्यान दिनु मुलुकको दीर्घकालीन हितमा हुने धारणा राख्नुभयो।

### किसानलाई...

लघुकर्जा, उधमशिलता विकास र आधुनिक कृषि प्रणाली लगायतका विषयमा विज्ञहरु मार्फत ७ दिने तालिम दिएर प्रविधी तथा विउ विजन हस्तान्तरण गरिएकाले किसानलाई खेतीपाती गर्न सहज हुने उनले विश्वास व्यक्त गरिन।

गरिबी निवारण तथा कृषि क्षेत्रमा लागेका किसानलाई ज्ञान सीप दिएर संचालन गरिएको उक्त कार्यक्रममा कृषिविज्ञ हरिनाराण यादव, सुनिल यादव, मनिषा चौधरी, कमली शर्मा तथा सिद्धार्थ बैंक र लक्ष्मी सनराईज बैंकका प्रतिनिधीहरुले विभिन्न विषयमा प्रशिक्षण दिएको राजविराज नगरपालिकाले जनाएको छ।

### प्रहरीमा...

केसीले सेवा लिन आउने सबैजनासंग समान व्यवहार गरिने बताए। जिल्लामा शान्ति सुरक्षा र अपराध नियन्त्रण र सुशासन कायम राख्ने प्रहरीको जिम्मेवारी भएकाले त्यही अनुसारको काम गर्ने विश्वास व्यक्त गरे।

अपराध नियन्त्रण र शान्ति सुरक्षा कायम गर्न पत्रकारहरुबाट सकारात्मक सल्लाह सुझावको अपेक्षा रहेको बताउँदै उनले पत्रकारहरुलाई सम्मान, सूचना, सुरक्षा दिने कार्यमा अभाव आउन नदिने प्रतिबद्धता जनाए।

नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देवले पत्रकार आचारसंहिता विपरीतका कार्य गर्ने पत्रकार र युट्युवरहरुको गतिविधि नियन्त्रणमा लागुपर्नेमा जोड दिदै यसमा महासंघले सहयोग गर्ने बताए।

कार्यक्रममा पत्रकारहरुले जिल्लाको शान्ति सुरक्षाको अवस्था, ट्राफिक व्यवस्थापन, सिमा क्षेत्रमा हुने प्रतिबन्धित लागूऔषध कारोबार, तस्करी नियन्त्रण जस्ता बिषयमा प्रहरी प्रमुख केसीको ध्यानाकर्षण गराएका थिए।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा झुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

अनुरोधकर्ता
डाक्नेश्वरी नगरपालिका, सप्तरी


## विश्व समाचार

### अमेरिकाद्वारा ३५% कर लगाइएपछि सम्झौताको खोजी गर्दै प्रमुख गार्मेन्ट उत्पादक बङ्गलादेश

ढाका, २४ असार (रासस/एएफपी)।
विश्वको दोस्रो ठूलो कपडा निर्माता बङ्गलादेशले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लगाउने भनेको ३५ प्रतिशत भन्सार महसुल घटाउने आशा राखेको देशका शीर्ष वाणिज्य अधिकारीले मङ्गलबार बताएका छन्।

बङ्गलादेशको निर्यातमा कपडा र गार्मेन्ट उत्पादनको हिस्सा करिब ८० प्रतिशत छ र गत वर्ष सरकारलाई अपदस्थ गर्ने विद्यार्थी नेतृत्वको क्रान्तिले गर्दा यो उद्योगले पुनः निर्माण गरिरहेको छ।

"युएसटिआर (संयुक्त राज्य अमेरिका व्यापार प्रतिनिधिको कार्यालय) ले समीक्षाका लागि अर्को मस्यौदा कागजात पठाएपछि भन्सार शुल्कको दर कम हुने आशा छ", वाणिज्य सचिव महबुबर रहमानले भन्नुभयो।

रहमानले दक्षिण एसियाली यस राष्ट्रको राष्ट्रिय सुरक्षा सल्लाहकार र वाणिज्य सल्लाहकारले संयुक्त राज्य अमेरिकामा 'यस मुद्दामा काम गरिरहेको' बताउनुभयो। बङ्गलादेश बैंक र राष्ट्रिय राजस्व बोर्डका अनुसार सन् २०२४ मा बङ्गलादेशले अमेरिकामा आठ अर्ब ३६ करोड डलर मूल्यका सामान निर्यात गरेको थियो भने त्यहाँबाट दुई अर्ब २१ करोड डलरको आयात भएको थियो।

बङ्गलादेशबाट उत्पादनहरू प्राप्त गर्ने अमेरिकी कपडा कम्पनीहरू फ्रुट अफ द लुमदेखि लेवी स्ट्रसदेखि भिएफ कर्पसम्म छन्। यिनीहरूका ब्रान्डहरूमा भ्यान, टिम्बरल्यान्ड र द नर्थ फेस समावेश छन्।

ट्रम्पले अप्रिल २ मा गरेको घोषणामा बङ्गलादेशलाई ३७ प्रतिशत कर लगाउनुभएको थियो, तर मङ्गलबार जारी गरिएको पत्रमा उहाँले अब यो ३५ प्रतिशत हुने बताउनुभयो।

यो कपास उत्पादनहरूमा पहिले नै राखिएको १६ प्रतिशतभन्दा दोब्बरभन्दा बढी हो। व्यापार घाटा कम गर्न ढाकाले बोइङ विमानहरू खरिद गर्न र अमेरिकी गहुँ, कपास र तेलको आयात बढाउन प्रस्ताव गरेको छ। व्यापार घाटालाई ट्रम्पले पीडादायी कर लगाउनका लागि औचित्यका रूपमा प्रयोग गर्नुभएको छ।

बङ्गलादेश गार्मेन्ट म्यानुफ्याक्चरर्स एन्ड एक्सपोर्टर्स एसोसिएसन (बिजिएमइए) का अध्यक्ष महमुद हसन खानले यसलाई 'गार्मेन्ट क्षेत्रका लागि ठूलो चुनौती' भन्नुभएको छ। "हामीमाथि लगाइएको कर १० देखि २० प्रतिशतको बीचमा हुने हामीले अपेक्षा गरेका थियौँ", उहाँले भन्नुभयो। उहाँले ढाकाका अन्तरिम नेता मुहम्मद युनुसले 'संयुक्त राज्य अमेरिकासँग मुद्दा उठाउनुहुने' अपेक्षा गर्नुभयो।

बिजिएमइएका पूर्व निर्देशक मोहिउद्दिन रुबेलले भन्सार शुल्कको अवस्था भयावह हुने चेतावनी दिनुभयो। "नयाँ भन्सार शुल्कले बङ्गलादेशमा रोजगारी गुमाउने चिन्ता बढाएको छ किनभने अमेरिका यसको मुख्य निर्यात बजार हो", उहाँले भन्नुभयो, "बङ्गलादेशले नीतिगत परिवर्तनका लागि दबाब दिन, उच्च-स्तरीय व्यापार वार्ता पुनः सुरु गर्न र आफ्ना उत्पादनहरूको महत्वलाई उजागर गर्न अमेरिकी आयातकर्ताहरूलाई संलग्न गरेर छिटो कार्य गर्न आवश्यक छ।"

### चीनमा २०० बालबालिकालाई विषाक्त सिसा दिएको आरोपमा प्रिन्सिपल पक्राउ

बेइजिङ, २४ असार (रासस/एएफपी)।
उत्तरपश्चिमी चीनमा दुई सयभन्दा बढी बालबालिका खजुरको केक र मकैको रोलबाट हुने सम्भावित सीसा विषाक्तताका कारण बिरामी परेपछि किन्डरगार्टेनका प्रिन्सिपललाई हिरासतमा लिइएको राज्य मिडियाले मङ्गलबार जनाएको छ।

राज्य प्रसारणकर्ता सिसिटिभीका अनुसार अनुसन्धानकर्ताहरूले तियान्सुई सहरको पेक्सिन किन्डरगार्टेनमा दुई सय ३३ बालबालिकाको रगतमा 'असामान्य' स्तरको सीसा फेला पारेका छन्।

तीमध्ये दुई सय एक बालबालिकाको अस्पतालमा उपचार भइरहेको छ। चीनमा कुनै समय खाद्य सुरक्षा घोटालाहरू सामान्य थिए। सन् २००८ मा दूषित दूधको फर्मुलाले लाखौं शिशुलाई बिरामी बनाएको थियो र छ जनाको मृत्यु भएको थियो।

बालबालिका बिरामी परेको खबर पाएपछि सहरका अधिकारीहरूले गत हप्ता किन्डरगार्टेनका प्रमुखको अनुसन्धान गरेका थिए। एक अभिभावकले गत हप्ता राज्यद्वारा सञ्चालित जिमु न्युज टाब्लोइडलाई बालबालिकाहरूले पेट दुख्ने र वाकवाकी अनुभव गरिरहेको र उनीहरूको केही दाँत कालो भएको बताएका थिए।

परीक्षणले तीन रङको बफचाइएको खुर्सानी केक र मकै रोलका नमूनाहरूमा खाद्य दूषित पदार्थको राष्ट्रिय सुरक्षा मापदण्डभन्दा दुई हजार गुणा बढी सिसा फेला पारेको छ। बिहानको खाजामा खुवाइएको केकमा प्रति किलोग्राम एक हजार ५२ मिलिग्राम र अर्को खानामा खुवाइएको रोलमा प्रति किलोग्राम एक हजार तीन सय ४० मिलिग्राम सिसा रहेको पाइएको थियो। चिनियाँ सरकारी अभिलेखअनुसार गहुँ र स्टार्चमा सिसाको राष्ट्रिय सीमा शून्य दशमलव पाँच मिलिग्राम प्रति किलोग्राम छ।

सिसिटिभीले सुरक्षा फुटेजमा भान्साका कर्मचारीहरूले दुवै दूषित परिकारहरूमा प्रयोग हुने पिठोको मिश्रणमा प्याकेज गरिएको पहेंलो रङ थप्दै गरेको देखाइएको छ। किन्डरगार्टेनका प्रिन्सिपल झु र लगानीकर्ता लीलाई अन्य छ जनासहित हिरासतमा लिइएको सिसिटिभीले जनाएको छ। अन्य दुई जना 'विचाराधीन जमानत' मा छन्।

अनुसन्धानकर्ताहरूले झु र लीले भान्साका कर्मचारीहरूलाई अनलाइन खरिद गरिएको पेन्ट पिगमेन्टहरू प्रयोग गरेर खाना उत्पादन गर्न अनुमति दिएको पत्ता लगाए, जुन पछि सिसा भएको र अखाद्य चिह्न लगाइएको थियो।

# असार २६ बाट एसपीएल मेयरकपको सातौं संस्करण हुने




**दैनिक समाचारदाता**
**राजविराज, २४ असार ।**

सप्तरीमा असार २६ बाट प्राईड लिग (एसपीएल) मेयरकप टि-ट्वान्टी क्रिकेट प्रतियोगितको सातौ संस्करण शूरु हुने भएको छ ।

राजविराज नगरपालिकाको सहयोग, सप्तरी क्रिकेट संघको आयोजना तथा मधेश प्रदेश क्रिकेट संघको समन्वयमा साउन १ गते सम्म प्रतियोगिता हुने भएको हो ।

मंगलवार राजविराजमा आयोजकले पत्रकार सम्मेलनको आयोजना गरी प्रतियोगिताबारे जानकारी गराएको हुन् ।

पविमाविको खेल मैदानमा हुने प्रतियोगितामा कुल ८ वटा पुरुष क्रिकेट टिमको सहभागिता रहने आयोजकले जनाएको छ । सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठका अनुसार स्थानीय पविमावीको खेलमैदानमा संचालन हुने प्रतियोगितामा राजदेवी रोयल्स राजविराज, कंचनरुप राइनोज्स, रुपनी राइडर्स, खडक वारियर्स, राजगढ वारियर्स, हनुमाननगर हिरोइज, तिरहुत टाइगर्स र रोयल च्यालेन्जर वरहीविरपुर गरी कुल ८ वटा टिमको सहभागिता रहने छ ।

लिगकम नकआउट प्रणालीको आधारमा खेल खेलाईने प्रतियोगितामा सहभागी प्रत्येक टिममा ९ जना स्थानीय तथा २ जना राष्ट्रिय र अन्तराष्ट्रियस्तरका खेलाडी खेल्न पाउने व्यवस्था गरिएको क्रिकेट संघ सप्तरीका सचिव चन्दन यादवले जानकारी दिए ।

प्रतियोगितामा २० लाख रुपैया खर्च हुने अनुमान गरिएको छ । विजेता र उपविजेता टिमका साथै विभिन्न विधामा उत्कृष्ट खेल प्रर्दशन गर्ने खेलाडीले समेत ट्रफि, सम्मानपत्रका साथै नगद पुरस्कार प्राप्त गर्ने आयोजक समितिले जनाएको छ ।

# मधेश प्रदेशमा मैथिली र भोजपुरी भाषा सरकारी कामकाजमा प्रयोग गर्न माग

काठमाडौं, २४ असार (रासस) ।

मधेश प्रदेशमा मैथिली र भोजपुरी भाषालाई सरकारी कामकाजका भाषाका रूपमा कार्यान्वयन गर्न माग गरिएको छ ।

नेपाल प्रज्ञा-प्रतिष्ठान, भाषा, कोष र व्याकरण विभागले मंगलवार आयोजना गरेको 'मधेश प्रदेशमा सरकारी कामकाजको भाषा' विषयक विचार गोष्ठीका वक्ताहरूले मधेश प्रदेशमा सबैभन्दा बढी बोलिने मैथिली भाषालाई सरकारी कामकाजको मान्यता दिइ कार्यान्वयन गर्नुपर्ने माग गरेका हुन् ।

नेपाल प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ सदस्य डा सूर्यप्रसाद यादवले मधेश प्रदेशका आठ जिल्लामा बोलिने मैथिली भाषा हरेक दृष्टिकोणले सरकारी कामकाजको भाषाका लागि उपयुक्त रहेकाले पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "सामान्यतः सरकारी कामकाजको भाषा निर्धारण राजनीतिक प्रक्रियाबाट हुने भए पनि यो नितान्त सवैधानिक विषय हो, यसको निर्धारण सम्बन्धित प्रदेशमा प्रयोग भइरहेको मातृभाषाहरूमध्येबाट सङ्ख्यात्मक रूपमा पहिलो स्थानको भाषालाई चयन गर्नुपर्छ ।"

नेपालको राष्ट्रिय जनगणना २०७८ विश्लेषण गर्दा मधेश प्रदेशमा बोलिने मातृभाषाहरूमध्ये मैथिली प्रमुख भएकाले सरकारी कामकाजको भाषाका लागि उपयुक्त हुने उहाँको भनाइ छ ।

भाषा आयोगका अध्यक्ष डा गोपाल ठाकुरले आयोगले मधेश प्रदेशका लागि मैथिली, भोजपुरी र बज्जिका भाषालाई सरकारी कामकाजको भाषाका रूपमा सिफारिस गरको बताउनुभयो । राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशमा मैथिली ४१.७३, भोजपुरी १८.८०, बज्जिका १८.४३ वक्ता सङ्ख्या छन् ।

मधेश प्रदेश सरकारले २०८१ माघ ९ गते भाषा आयोगको सिफारिसमा परेको भाषा मैथिली, भोजपुरी, बज्जिकासहित थप दुई ओटा भाषा हिन्दी र अङ्ग्रेजीलाई समेट्दै सरकारी कामकाजको भाषाका रूपमा प्रदेशसभामा प्रस्तुत गरेको थियो ।

राष्ट्रिय जनगणना २०७८ अनुसार देशभरिमा जम्मा १२४ मातृभाषा भेटिएका छन् । जसमध्ये मधेश प्रदेशमा मात्रै ६० भन्दा बढी मातृभाषा बोलिन्छन् ।

पत्रकार सुरेश यादवले सप्तरी, सिराहा, धनुषा, महोत्तरीलगायतका मधेश प्रदेशका सबै जिल्लामा मैथिली भाषा बढी बोलीने भएकाले मैथिली भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

# भैंसीमा नस्ल सुधार गर्न मुर्राको कृत्रिम गर्भाधान सुरु

सिरहा, २४ असार (रासस) ।

राष्ट्रिय पशु प्रजनन कार्यालय लहानले भैंसीमा नस्ल सुधार गर्ने उद्देश्यले कृत्रिम गर्भाधान गराउन मुर्रा राँगाको वीर्य उत्पादन र वितरण गर्न थालेको छ । कार्यालयका अनुसार वि.सं. २०८० मङ्सिरमा ल्याइएका राँगाबाट २०८१ सालको जेठदेखि वीर्य उत्पादन सुरु भएको थियो ।

हालसम्म १० हजारभन्दा बढी डोज उत्पादन गरी करिब ५०० डोज किसानसम्म वितरण गरिसकिएको कार्यालय प्रमुख शिवनाथ महतोले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "भारतबाट ल्याइएका मुर्रा जातका पाँच राँगाबाट २०८१ सालको जेठ/असारदेखि वीर्य उत्पादन सुरु गरिएको हो । हाल १० हजारभन्दा बढी डोज उत्पादन भइसकेको छ र करिब ५०० डोज किसानलाई वितरण गरिएको छ । कोशी र मधेस प्रदेशका अधिकांश जिल्लामा यसको माग उच्च छ ।"

उहाँले थप जानकारी दिँदै भन्नुभयो, "वीर्य तरल नाइट्रोजनमा सुरक्षित राखी दक्ष जनशक्ति रहेका सरकारी तथा गैरसरकारी पशु सेवा केन्द्रमार्फत वितरण गरिन्छ । हाल यस कार्यालय अन्तर्गतका २३ जिल्लाका २४० स्थानीय तहमा २९० केन्द्र सक्रिय छन् र ८६० तालिम प्राप्त प्राविधिक संलग्न छन् ।"

कार्यालय प्रमुख महतोका अनुसार, मुर्रा राँगाको वीर्यको माग कोशी प्रदेशका सुनसरी र उदयपुर तथा मधेस प्रदेशका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही र रौतहट जिल्लामा अत्यधिक छ । यस्ता मागलाई सम्बोधन गर्न कार्यालयले कोशी, मधेस र बागमती प्रदेशका सिन्धुलीसहित २३ जिल्लामा सेवा विस्तार गरेको छ ।

भारतबाट ल्याइएका पाँच मुर्रा राँगाबाट हप्तामा दुई पटक वीर्य निकालिन्छ । गिर र साहिवाल प्रजातिका गाईको प्रजनन पनि सोही कार्यालयमार्फत हुँदै आएको छ । धार्मिक मान्यताअनुसार जुरो भएको गाईको दूधको बढी माग रहेकोले ती प्रजातिको वीर्यको पनि माग उच्च छ ।

पशुपालन सुधारका लागि भारत सरकारले नेपाललाई विसं २०८० जेठमा १५ वटा उन्नत जातका मुर्रा राँगा अनुदानमा दिने घोषणा गरेको थियो । तीमध्ये पाँच वटा लहान, सात वटा पोखरा र तीन वटा नेपालगञ्जस्थित राष्ट्रिय पशु प्रजनन् केन्द्रमा राखिएको थियो ।

सरकारले रैथाने भैंसी प्रजातिको नश्ल सुधार गर्न भारतबाट मुर्रा राँगा भित्र्याउने पहल गरेको हो । जसले दुध उत्पादनमा वृद्धि हुने विश्वास लिइएको छ ।

# डिभिजन वनद्वारा साढे नौ लाख बिरुवा वितरण गरिँदै

जलेश्वर (महोत्तरी), २४ असार (रासस) ।

जिल्लास्थित डिभिजन वन कार्यालय जलेश्वरले करिब नौ लाख ४० बिरुवा वितरण गर्ने भएको छ । कार्यालयका प्रमुख अजय कुमार मिश्रका अनुसार जिल्लामा 'हरियाली प्रवर्द्धन कार्यक्रम'अन्तर्गत नौ लाख ४० हजार बिरुवा वितरण गर्न लागिएको हो ।

उहाँले जिल्लाका १५ वटा पालिकाका किसान र इच्छुक सङ्घसंस्था, स्कुल, कलेज, प्रहरी, आर्मी तथा कृषि वन र निजी वनका लागि बिरुवा वितरण गर्न लागिएको जानकारी दिनुभयो । उहाँका अनुसार यसका लागि कार्यालयले इच्छुक व्यक्ति तथा सङ्घ संस्थालाई पायक पर्नेगरी विभिन्न २० स्थानमा बिरुवा उत्पादन गरिरहेको छ ।

कार्यालयले जिल्लाको सदरमुकाम जलेश्वरस्थित डिभिजन वन कार्यालय र वडा नं १ स्थित जलेश्वर बजार, गौशाला नगरपालिका-११ लक्ष्मीनियाँ, वडा नं ८ खाल्टे बजार, भङ्गाहा नगरपालिका-४ थारु टोल बनरा, बलवा नगरपालिका-४ बलवा बजार, लोहारपट्टी नगरपालिका-७ भ्रमरपुरा बजार, पिपरा गाउँपालिका-३ पिपरा बजार, मटिहानी नगरपालिका-९ सिमरदही गाउँ, एकडाँरा गाउँपालिका-६ बगेया, महोत्तरी गाउँपालिका-४ रानी रतबारा, मनराशिस्वा नगरपालिका-५ कटैया, औरही नगरपालिका-१ औरही बजार, सोनमा गाउँपालिका-१ सोनमा र बर्दिबास नगरपालिका-५ माईस्थानमा नर्सरी लगाएको कार्यालय प्रमुख मिश्रले जानकारी दिनुभयो ।

विभिन्न नर्सरीहरूमा गुलमोहर, बोत्तलग्रस, इमली, अमला, तेजपात, बाँस, करेना, अर्जुना, बकाइनो, खयर, राजवृक्ष, बेल, मसला, मोहबनी, अम्बा, सिसौ, सतिसाल, पारिजात, टिक, अनार, मेवासहित २० भन्दावढी प्रकारका बोटबिरुवा उत्पादन गरिएको उहाँको भनाइ छ ।

कार्यालय प्रमुख मिश्रका अनुसार जिल्लाको सबै नर्सरीमा बिरुवा तयारी अवस्थामा छन् । "जिल्लामा लामो समयदेखि पानी नपर्दा बिरुवा वितरणको काम अगाडि बढेको छैन । पानी पर्नासाथ बिरुवा धमाधम वितरण गरिनेछ", उहाँले भन्नुभयो ।

उहाँले जिल्लाको विभिन्न २० वटा नर्सरीबाट इच्छुक, सङ्घसंस्था, पार्क, उद्यान, कृषि तथा निजी वन, स्कुल, कलेज, प्रहरी, आर्मीलगायत आवश्यक पर्ने सबैलाई केहीदिनभित्र निःशुल्क नौ लाख ४० हजार बिरुवा वितरण गरिने तयारी भइरहेको जनाउँदै अन्य जिल्लाले पनि यसबाट लाभ लिनसक्ने बताउनुभयो ।

निःशुल्क बिरुवा वितरण कार्यक्रमबाट महोत्तरी तथा छिमेकी जिल्लामा 'हरियाली प्रवर्द्धन' हुने तथा यसबाट यहाँका नागरिक प्रत्यक्ष/अप्रत्यक्ष रूपमा लाभान्वित हुने मिश्रले विश्वास व्यक्त गर्नुभयो ।

# पोखरीमा डुबेर दिदीबहिनीको मृत्यु

महेन्द्रनगर (धनुषा), २४ असार (रासस) ।

जनकपुरधाम उपमहानगरपालिका-१६ कपिलेश्वर बजार टोलस्थित भैया पोखरीमा डुबेर दिदीबहिनीको मृत्यु भएको छ । उनीहरुको मंगलवार पोखरीमा नुहाउने क्रममा डुबेर मृत्यु भएको हो ।

मृत्यु हुनेमा स्थानीय चार वर्षीया आरोहीकुमारी राउत र तीन वर्षीया मैथिलीकुमारी राउत रहेका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक वरुणबहादुर सिंहले जानकारी दिनुभयो । दुवैजना बिहान पोखरीमा नुहाउन गएका थिए । नुहाउने क्रममा गहिरो पानीमा फसेपछि उनीलाई बचाउन नसकिएको स्थानीय कैलाश राउतले बताउनुभयो ।

दुवै जनालाई अस्पताल लगिए पनि चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ । उनीहरुको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरधाम लगिएको छ ।


## सुरक्षित घर निर्माण गरौं

**घर निर्माण गर्दा-**

- इञ्जिनियरको सल्लाह लिएर मात्र निर्माण गरौं ।
- भूकम्प प्रतिरोधि डिजाइन बनाऔं ।
- गुणस्तरीय सामग्री प्रयोग गरौं ।
- स्थानीय भू-सम्भाव्यता अनुसार निर्माण गरौं ।
- नियमित मर्मतसम्भार गरौं ।
- निर्माण अघि स्वीकृति लिऔं ।

**"बलियो घर निर्माण गरौं, सुरक्षित भविश्य बनाऔं"**

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*